वर्ष : १ अंक : १ भदौ ८, २०७७

# ई-बुलेटिन

मासिक





## गुल्मीदरबार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### गौडाकोट, गुल्मी

इमेल : ito.gulmidarbarruralmun@gmail.com, info@gulmidarbarmun.gov.np
बेवसाईटः www.gulmidarbarmun.gov.np

# विषय सूची

गाउँपालिकाको परिचय ........ 1
ऐतिहासिक पृष्ठभूमी ........ 1
भौगोलिक विभाजन र सिमाना ........ 2
मुख्य जातजाती ........ 2
जनसंख्या ........ 3
दरवन्दी संरचना ........ 3
शाखागत कर्मचारीहरुको विवरण र कार्य विभाजन ........ 4
श्रावण महिनामा भए गरेका मुख्य क्रियाकलापहरु ........ 7
श्रावण महिनामा भए गरेका मुख्य कार्यहरु ........ 14
कर्मचारीको हाजिरी¸ काज र बिदा सम्बन्धी विवरण ........ 19
कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धीका कार्यहरु ........ 21
अनुसूचीहरु ........ 23

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौँडाकोट, गुल्मी
५ नं. प्रदेश, नेपाल



# शुभकामना

गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७७।०७८ को नीति तथा कार्यक्रम मार्फत पालिकाले सुशासन कायम गर्दै भ्रष्टाचार शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ । पालिकाको हरेक कृयाकलापहरुलाई पारदर्शि बनाई पालिकाका नागरिकहरुलाई सुसूचित गराउनको लागि मासिक ई-बुलेटिन प्रकाशन गर्ने नीति पालिकाले लिएको छ । पालिकाको समग्र कर्मचारी प्रशासनलाई चलायमान बनाउन, कर्मचारीलाई आफ्नो कामप्रति जिम्मेवार र जवाफदेही बनाउनको लागि गाउँ कार्यपालिकाको कार्यालयका विभिन्न गतिविधिहरु समेटेर मासिक रुपमा ई-बुलेटिन प्रकाशन गर्न गईरहेको छ । गाउँपालिकाका सबै जनप्रतिनिधि र कर्मचारीहरुको मुख्य उद्देश्य यहाँका नागरिकलाई सहज र सुलभ सेवा प्रवाह उपलब्ध गराई गुणस्तरीय विकास निर्माण गर्दै सुखी र समृद्ध पालिका निर्माणमा हामीहरु अहोरात्र लागि रहेका छौ । सुखी र समृद्ध पालिका बनाउने महान कार्यमा आम नागरिकको सहयोगको अपेक्षा गर्दछु । पालिकाबाट भए गरेका विभिन्न कृयाकलापहरुको बारेमा राय सुझाव उपलब्ध गराईदिनु हुन सादर अनुरोध गर्दछु । यस ई-बुलेटिनले पालिकाका नागरिकहरु र आम सरोकारवालाहरुलाई सुसूचित गराउनको लागि सहयोग पुग्नेछ भन्ने अपेक्षा लिदै ई-बुलेटिनको सफलताको शुभकामना व्यक्त गर्दछु ।

.............................................
(अशोक कुमार थापा)
अध्यक्ष

**अशोक कुमार थापा**
**गाउँपालिका अध्यक्ष**



# प्रमुख प्रशासकीय अधिकृतको भनाई

समृद्ध र सुखी पालिका निर्माण गर्ने महान लक्ष्यमा यस पालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिहरुको ढृढ आत्मविश्वासको कारण समृद्ध पालिका निर्माणमा गुल्मीदरबार गाउँपालिका अगाडि बढिरहेको छ । गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७७।०७८ को नीति तथा कार्यक्रम मार्फत पालिकामा सुशासन कायम गर्दै भष्ट्रचार शून्य सहनसिलताको नीति अवलम्बन गरिएको छ । जनप्रतिधि र कर्मचारीको संयोजन, सहकार्य र समन्वयबाट पालिकामा सुशासन कायम गर्दै गुणस्तरीय सेवा प्रवाहको लागि पालिका सम्पूर्ण कर्मचारीहरु Proactive भएर लागेको अवस्था रहेको छ ।

गुल्मीदरबार गाउँपालिकाले पालिकाका जनतालाई केन्द्रमा राखी जनताको अधिकतम हितको लागि संचालन गरेका विभिन्न गतिविधिहरुको जानकारी सम्बन्धित सरोकारवालाहरुलाई उपलब्ध गराउँदा सबैले सूचना पाउने संवैधानिक हकको प्रत्याभूति गराउन र सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीको कार्यान्वयन गर्नका लागि पालिकाले मासिक रुपमा ई-बुलेटिन प्रकाशन गरेको छ । पालिकाका विभिन्न शाखाबाट सम्पादन भएका कृयाकलापहरुको बारेमा सबैलाई सुसूचित गरी कर्मचारीलाई जिम्मेवारीबोध तुल्याई, पारदर्शिता र जवाफदेहिता कायम गरी प्रभावकारी सेवा प्रवाहको लागि यस एकीकृत ई-बुलेटिनले सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु । सूचनानै शक्ति हो भन्ने मान्यतालाई आत्मसाथ गर्दै ई-बुलेटिनको माध्यमबाट सम्पूर्ण पालिकाबासी जनताहरुलाई समग्र गाउँ कार्यपालिकाको कार्यालयको सबै क्षेत्रहरुको गतिविधिहरुको बारेमा सुसूचित गराउने यस ई-बुलेटिनको मुख्य उद्देश्य रहेकोले आगामी दिनमा यसलाई अझै परिस्कृत रुपमा प्रस्तुत गर्न यहाँहरु सबैले अमूल्य पृष्ठ पोषण उपलब्ध गराईदिनु हुन समेत सादर अनुरोध गर्दछु ।

(लक्ष्मण पाण्डे)
प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

## गाउँपालिकाको परिचय

विश्वमान चित्रमा आफ्नै स्वाभिमान र अस्तित्वमा रहेको छ नेपाल । पुण्यभूमी शान्तभूमि नेपालको राजनैतिक विभाजन मिति २०७३/११/२७ मा स्थानीय तह गठन भए सँगै यो ऐतिहासिह, धार्मिक, सांस्कृतिक र भौगोलिक महत्व बोकेको गुल्मीदरबार गाउँपालिका एक स्थानीय तहको रुपमा स्थापना भएको हो । साविकको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने लुम्बिनी अञ्चलमा अवस्थित जिल्ला गुल्मी का १२ स्थानीय तह मध्येको एक स्थानीय तह गुल्मीदरबार साविकका ६ वटा गाउँ विकास समितिहरु बलिथुम, जुभुङ, गौंडाकोट, विरवास, अमरअर्वाथोक, दरबारदेवीस्थान संयोजन भइ ७ वडाको स्थानीय तह बनेको छ ।

## ऐतिहासिक पृष्ठभूमी

गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट करिब २० कि.मि. को दुरिमा रहेको यस गुल्मी दरबार गाउँपालिकाको आफ्नै ऐतिहासिक पृष्ठभुमी छ । यस गाउँपालिकाको पश्चिम दक्षिण तर्फ करिब ७ कि.मि. को दुरिमा ऐतिहासिक गुल्मी दरबार अबस्थित छ । सोहि स्थानको नामबाट गुल्मी जिल्लाको नाम र यस गाउँपालिकाको नाम रहन गएको हो । गुल्मीदरबार रहेको सो ठाउलाई गुल्मी चारपाला पनि भनिन्छ । सो दरबारको ३ तलामाथि इष्टदेबि ईश्वरीको मन्दिर छ, उनको पूजा शारदिय तथा बसन्त गरी २ पटक हुने गर्दछ । यसै मन्दिरका कारणले गुल्मी प्रख्यात छ ।

इतिहास विद राजराम सुवेदीका अनुसार खास गुल्मी का राजाको राज्यस्थल चारपालालाई भनिन्थ्यो। हनुमान ढोकालाई काठमाडौं भनेजस्तै चारपाला इकाईलाई गुल्मी भनिएको हो । गुल्मी चारपालामा क्रमशः पाल्पाथोक, अर्बाथोक, गलामथोक तथा मुसिकोटथोक गरि ४ वटा पाला थिए भने यिनका अतिरिक्त उप्रिकोटथोक एउटा छुट्टै प्रशासनिक इकाई थियो। यसरी गुल्मीमा ९८ मौजा थिए भने प्रत्येक मौजामा जिम्मावाल र मुखियाले स्थानिय नेतृत्वको रुपमा काम गर्ने चलन थियो । गुल्मी चारपाला दरबारमा राजाको बास हुन्थ्यो र त्यसैलाई गुल्मी राज्यको राजधानी भनिन्थ्यो ।

गुल्मीचारपाला अन्तर्गत पाल्पाथोकमा मेहेलडाडा, खोर्लेया, धरमपानी, जामुने, खिलु, गुरुमथुम, अमराइ, बेलपोखरा, धायरचौर, क्वादी, बगैचा, गाउचौर, बानपोखरा, फर्सवा, आपपाटा, कल्टुङ्ग,चतुरडाडा पर्दथे । अमर अर्बाथोक अन्तर्गत कुन्थोक, डाडापोखरी, तल्लो हटिया, नेटाखर्क, हरिथुम, गाउचौर, बेग्रु ,सिलथुम, तोस, गौरिपोखरी, रानाटोला, अडडाडा, ग्वालीनचौर, ढुग्रेरीपाखा, बाखे्र, अजर्याङ्गबास, चित्रेडाडा, नरम र चिस्तु पर्दथे । गलामथोक अन्तर्गत उपल्लो हटिया, दमाइटोल, काफलचौर, मेहेलडाडा, गैराखर्क, सल्लेरी, जोर्तेपोखरा, बगैचा, स्यालापानी, ढयाखर्क, तिर्तिरे, पिरिडाडा, चौका, कुबिण्डे रिपाहाटोल, रोहटेपानी, उखाप, लामीडाडा, कोलहर, चौर, डाव, घोर्ले, कल्लेरी, गौरादी, भलाचौर, सिवु, चनौपाटा, खर्सशारुटोल, अमलेखर्क, रिमी, बोटे र रुमाखर्क पर्दथे । मुसिकोटथोक अन्तरगत देउराली, चितपानी, बासडाडा, साजर, कारपाटा, बडडाडा, खोला, माझपोखरी, अर्खले, तोलुङ्ग, पेखनपोखरा, गौरादी, कुडापानी, गौडाकोट, काउले, ढावा,

जैसिपोखरा, लामीडाडा, बजारमारे, डुम्रिपोखरा, खिर्तिप, ठूलाचौर, ठूलोपोखरा, उप्रीकोट, बाजाबारी, डोहोटा, सातघर, भुटुका, बिरबास, रुमाखर्क, बदरखुट्टा, दह, राजा, म्यालपोखरी, बौदी, कोलघर, राङ्गबास, खनियाबास, ठूलाखर्क, चिदिका दौघा, खज्र्याङ्ग, मानकोट, धरमपानी, दुम्सीकोट, रिडी, वाङला, अर्घातोस, धैरेनी, ठूलापोखरा, केरुङ बल्कोट, मेहेलटुप्पा, हाँडिकोट, बडडाडा, घोर्ले, दुबिचौर, उर्लेनी, कल्लेरी, बसानी, तम्घास र अर्खले आदी पर्दथे ।

## भौगोलिक विभाजन र सिमाना

यस गुल्मीदरबार गाउपालीकालाई साबिकका बलिथुम गा.वि.स. लाई वडा नं. १, जुभुङ्ग गा.वि.स. लाई वडा नं. २, गौडाकोट गा.वि.स. लाई वडा नं. ३, बिरबास गा.वि.स. लाई वडा नं. ४, अमरअर्बाथोक गा.वि.स. लाई वडा नं. ५, दरबारदेबिस्थान गा.वि.स.को साविकको वडा नं. ४, ७, ८ र ९ लाई समेटेर वडा नं. ६, र दरबारदेबिस्थान गा.वि.स. कै साविकका वडा नं. १, २, ३, ५ र ६ लाई समेटर वडा नं. ७ कायम गरी पालिकालाई जम्मा सात वटा वडामा बिभाजन गरिएको छ । यसको पुर्व पट्टि रुद्रावति नदी, पश्चिमतर्फ बठोवा खोला र केदुवा खोला, उत्तरतर्फ रेसुङ्गाकोल साध र दक्षिणतर्फ बाख्रेखोला पर्दछन ।

**गुल्मीदरबार गाउँपालिकाको राजनैतिक विभाजन तथा सिमाना**

प्रदेश नं. : ५

जिल्ला : गुल्मी

गाउँ कार्यपालिकाको कार्यालय : गौंडाकोट

वडा संख्या : ७

भौगोलिक अवस्था तथा सिमाना

क्षेत्रफल : ७९.९९ वर्ग किलोमिटर

पूर्व : छत्रकोट र चन्द्रकोट गाउँपालिका

पश्चिम : रेसुङ्गा नगरपालिका

उत्तर : चन्द्रकोट गाउँपालिका र मुसिकोट नगरपालिका

दक्षिण : छत्रकोट गाउँपालिका र अर्खाखाँची जिल्ला

## मुख्य जातजाती

यस गाउँपालिकामा बसोबास गर्ने मध्ये ब्राहमण/क्षेत्री र जनजातिको बाहुल्यता छ । त्यस बाहेक दलित र अन्य जातिका मानिस बसोबास गर्ने गर्दछन ।


| वडा नं. | ब्राहमण /क्षेत्री | जनजाती | दलित | जम्मा |
|---|---|---|---|---|
| १ | ११७५ | २३६९ | ७६८ | ४३१२ |

| | | | | |
|---|---|---|---|---|
| २ | २४९९ | ११९३ | ८२९ | ४५२१ |
| ३ | १४३६ | ९५७ | ५०० | २८९३ |
| ४ | २१०७ | २०४७ | ६४४ | ४७९८ |
| ५ | ७७९ | ८६३ | ५५९ | २२०१ |
| ६ | ११९४ | ७५६ | ५८५ | २५३५ |
| ७ | २०९१ | ११७७ | ९४२ | ४२१० |
| **जम्मा** | **११,४८६** | **८,९५५** | **५,०२७** | **२५,४६९** |

## जनसंख्या

यस गाउँपालिकाको कुल जनसंख्या २०६८ सालको जनगणना अनुसार २२,०३७ रहेको छ । सो मध्ये १२,८५५ महिला र ९,१८२ पुरुष छन भने गाउँपालिकाले तयार गरको गाउँ वस्तु स्थिति विवरण अनुसार हालको जनसंख्या २५,४६९ रहेको छ । जसमा महिला १४,८२७ र पुरुषका १०,६४२ छन् ।

## दरवन्दी संरचना



## शाखागत कर्मचारीहरुको विवरण र कार्य विभाजन

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| १ | लक्ष्मण पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६७९१२ | अध्यक्षद्वारा प्रत्यायोजित अधिकार बमोजिम कार्यालय प्रमुख भई कार्य गर्ने। |
| २ | नारायण प्रसाद अर्याल | अधिकृत छैठौं, स्वास्थ्य | ९८५७०८५२११ | शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने । |
| ३ | नवराज घिमिरे | अधिकृत छैठौं | ९८५७०८५२०९ | सामाजिक विकास शाखा प्रमुख भई शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने । |
| ४ | टंक प्रसाद पन्थी | अधिकृत छैठौं | ९८५७०८५२०८ | योजना, प्रशासन शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने । |
| ५ | सुरेश खनाल | सूचना प्रविधि अधिकृत | ९८५७०७४४०० | शाखा प्रमुख भई सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी कार्य गर्ने । |
| ६ | राजु अर्याल | ईन्जिनीयर, अधिकृत छैठौं | ९८५७०८५२१४ | शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने |
| ७ | सुन्दर चालिसे | अधिकृत छैठौं, शिक्षा | ९८५७०८५२१३ | शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने |
| ८ | नरेन्द्र प्रसाद शर्मा | स्रोत व्यक्ती शिक्षा | ९८५७०६७२८७ | प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने |
| ९ | उजेलीदेवि पोखेल | पशु विकास संयोजक | ९८५७०८५२१० | शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने |
| १० | भविष्य अर्याल | अधिकृत छैठौं, लेखा | ९८५७०८५२१५ | शाखा प्रमुख भई नियमानुसार लेखा सम्बन्धी काम गर्ने ,श्रेस्ता राख्ने,लेखापरीक्षण गराउने । |
| ११ | निर्मला पाण्डेय | रोजगार संयोजक | ९८६७०१४३०० | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको TOR बमोजिम |
| १२ | अनिल कुमार यादव | ईन्जिनीयर पुन निर्माण प्रा. | ९८६३९७०५४७ | राष्ट्रिय पुननिर्माण प्राधिकरणले दिएको TOR बमोजिम |
| १३ | भिमसेन थापा | नायव सुब्बा | ९८५७०६१७३२ | जिन्सी व्यवस्थापन सम्बन्धी कार्य गर्ने |
| १४ | घनश्याम चुँदाली | वडा सचिव- ४ | ९८५७०८५२०४ | वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने |
| १५ | खिम बहादुर कार्की | खा.पा.स.टे. पाँचौं | ९८५७०६७९६१ | खानेपानी पुर्वाधार विकास सम्बन्धी |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | कार्य गर्ने |
| १६ | तेजेन्द्र थापा | लेखापाल | ९८५७०६४०७८ | लेखा र राजश्व सम्बन्धी कामकाज गर्ने |
| १७ | टेकराज गिरी | आ.ले.प.सहायक | ९८४४७४६१०६ | लेखा परीक्षण सम्बन्धी कार्य गर्ने |
| १८ | माया टण्डन | वडा सचिव- ५, ६ र ७ | ९८५७०८५२०७ | वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने |
| १९ | विक्रम बस्नेत | सव-इन्जिनियर | ९८५७०८९५२७ | पुर्वाधार विकास सम्बन्धी कार्य गर्ने |
| २० | सिता लम्तरी | सव-इन्जिनियर | ९८४७३३४६३९ | पुर्वाधार विकास सम्बन्धी कार्य गर्ने |
| २१ | टुक बहादुर राना | कम्प्यूटर अपरेटर | ९८४७५९६३९३ | सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी कार्य गर्ने । |
| २२ | दिपक पोखेल | प्राविधिक सहायक | ९८६७४००४४९ | सम्बन्धित फाँट प्रमखुको मातहतमा रही तोकिएको कार्य गर्ने । |
| २३ | धाम बहादुर ढेंगा | एम.आइ.एस. अपरेटर | ९८५७०६४७२५ | तथ्याङ्क अभिलेखिकरणको कार्य गर्ने |
| २४ | जग बहादुर सर्तुङ्गी | वडा सचिव-१ | ९८५७०८५२०१ | वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने |
| २५ | पूर्णिमा घिमिरे | वडा सचिव- ३ | ९८५७०८५२०३ | वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने |
| २६ | रुम बहादुर गाहा | वडा सचिव- 2 | ९८५७०८५२०२ | वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने |
| २७ | विरेन्द्र कुमार टडन | असिस्टेन्ट सब-इन्जिनियर | ९८५७०५७३६७ | पुर्वाधार विकास सम्बन्धी कार्य गर्ने |
| २८ | गोकर्णप्रसाद तिमिल्सैना | असिस्टेन्ट सब-इन्जिनियर | ९८४८५५००६७ | पुर्वाधार विकास सम्बन्धी कार्य गर्ने |
| २९ | सागर सारु | असिस्टेन्ट सब-इन्जिनियर | ९८४७४९६४७४ | पुर्वाधार विकास सम्बन्धी कार्य गर्ने |
| ३० | प्रकाश थापा | सूचना सहायक | ९८५७०६४९६१ | सम्बन्धित फाँट प्रमखुको मातहतमा रही तोकिएको कार्य गर्ने । |
| ३१ | लिल बहादुर घर्ति | ना.कृ.प्राविधिक | ९८४५५९१६७४ | कृषि सेवा अन्तर्गत कार्य गर्ने |
| ३२ | नारायण पन्थी | ना.प.स्वा.प्राविधिक | ९८५७०६७४०८ | कृषि सेवा अन्तर्गत कार्य गर्ने |
| ३३ | उद्धव प्रसाद न्यौपाने | ना.प.स्वा.प्राविधिक | ९८५७०३५७६० | पशु सेवा अन्तर्गत कार्य गर्ने |
| ३४ | जयहिमाल कँडेल | ना.प.स्वा.प्राविधिक | ९८४७५०७५३६ | पशु सेवा अन्तर्गत कार्य गर्ने |
| ३५ | हरिप्रसाल कँडेल | ना.प.स्वा.प्राविधिक | ९८५७०३६१३१ | पशु सेवा अन्तर्गत कार्य गर्ने |
| ३६ | नमुना गौतम | ना.कृ.प्राविधिक | ९८४०५९८६१३ | कृषि सेवा अन्तर्गत कार्य गर्ने |
| ३७ | सकुन्तला मल्ल शाही | ना.कृ.प्राविधिक | ९८६६४१२०६६ | कृषि सेवा अन्तर्गत कार्य गर्ने |
| ३८ | मोहन सिं तङ्नामी | सहायक कर्मचारी | ९८४७३५७४३१ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ३९ | भेषविक्रम खत्री | सहायक कर्मचारी | ९८५७०६७४३५ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | गर्ने । |
| ४० | विनिता ज्ञवाली | फिल्ड सहायक | ९८४७४३२९५० | सम्बन्धित फाँट प्रमखुको मातहतमा रही तोकिएको कार्य गर्ने । |
| ४१ | मित्रलाल ज्ञवाली | कार्यालय सहयोगी | ९८४७१०६५१२ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४२ | ओम बहादुर रजाली | कार्यालय सहयोगी | ९८४७४४२८१४ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४३ | गोविन्द थापा | हलुका सवारी चालक | ९८४४७७०९८६ | सवारी साधन चलाउने र आवश्यकतानुसार कार्यालयको अन्य कामकाज गर्ने । |
| ४४ | टोपलाल ज्ञवाली | कार्यालय सहयोगी | ९८४३८६०८६२ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४५ | चोलाकान्त पौडेल | कार्यालय सहयोगी | ९८४७३९२८३५ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४६ | गोमा खत्री | कार्यालय सहयोगी | ९८४०४७५७४५ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४७ | टीकाराम पराजुली | कार्यालय सहयोगी | ९७४७०४७४२८ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४८ | समुन्द्र प्रसाद श्रेष्ठ | कार्यालय सहयोगी | ९८४७४५३८७७ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४९ | नैना थापा | कार्यालय सहयोगी | ९७४७०६०६४६ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५० | अर्जुन वि.क. | कार्यालय सहयोगी | ९८६७९२८०१८ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५१ | शान्ता गिरी | कार्यालय सहयोगी | ९८४७३५८८५२ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५२ | दिनेश प्रसाद श्रेष्ठ | कार्यालय सहयोगी | ९८४७३५७६६८ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |

## श्रावण महिनामा भए गरेका मुख्य क्रियाकलापहरु

### शाखा प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता



मिति २०७७।०४।०७ गतेका दिन गुल्मीदरबार गाउँ कार्यपालिकाका कर्मचारीहरुको नियमित मासिक बैठक प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण पाण्डेको अध्यक्षतामा सम्पन्न भयो । बैठकमा गाउँपालिकाका अध्यक्ष श्री अशोककुमार थापाज्यूको विशेष उपस्थिति रहेको थियो । सो अवसरमा पालिकाका विभिन्न शाखाका प्रमुखबीच वार्षिक कार्य सम्पादन सम्झौता गरिएको थियो । प्रमुख प्रशासकीय अधिकृत र प्रशासन, योजना तथा अनुगमन शाखा, सामाजिक तथा आर्थिक



विकास शाखा, सूचना प्रविधि शाखा र जिन्सी शाखाका प्रमुखहरुबीच वार्षिक कार्य सम्पादन सम्झौता सम्पन्न भएको थियो ।त्यसै गरि मिति २०७७।०४।२३ गते स्वास्थ्य शाखासँग कार्यसम्पादन सम्झौता सम्पन्न गरिएको थियो । प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखसँग कार्य सम्पादन तथा मूल्याङ्कनका विभिन्न सूचकहरु राखेर गरिएको कार्य सम्पादनले पालिकाको समग्र कार्य सम्पादनमा सुधार आई प्रभावकारी सेवा प्रवाह हुने अपेक्षा गरीएको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र निर्देशनमा रही शाखा प्रमुखहरुले आफू अन्तर्गतका कर्मचारी र निकायसँग कार्यक्रम कार्य सम्पादन सम्झौता गर्ने व्यवस्था अनुसार स्वास्थ्य अधिकृत श्री नारायणप्रसाद अर्याल र गाउँपालिकाका ७ वटै स्वास्थ्य संस्था प्रमुखहरुसंग मिति २०७७।०४।२३ गतेका दिन कार्यसम्पादन सम्झौता सम्पन्न भएको थियो ।

### घर-घरमा सेनीटरी प्याड वितरण





मिति २०७७/०४/०८ गते गुल्मीदरबार गाउँपालिका, स्वास्थ्य शाखाको आयोजनामा पालिकाका सम्पूर्ण वडाहरुका घर-घरमा सेनीटरी प्याड वितरणका साथै महिनावारी व्यवस्थापन विषयक अभिमुखिकरण कार्यक्रमको संचालन भएको ।


## गुल्मीदरबार गाउँपालिकाको आफ्नो पहिचान सहितको लोगो सार्वजनिक

गुल्मीदरबार गाउँपालिकाको आफ्नो छुट्टै पहिचानको लागि गाउँसभाबाट स्वीकृत कार्यक्रम अनुसार पालिकाको पहिचान सहितको लोगो मिति २०७७/०४/२५ गतेको कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ । लोगोमा समावेश भएको सङ्केत र त्यस्को अर्थ निम्न अनुसार रहेको छ ।

१. ७ वटा राष्ट्रिय फूल लालीगुराँसले पालिकाको ७ वटा वडालाई संकेत गर्दै वडाहरुको एकताको पहिचान
२. नेपालको राष्ट्रिय झण्डाले नेपालको सान, गौरव र पहिचानको संकेत
३. रेसुङ्गाको पहाड, भुवाने पार्क र टावर पार्कको संकेतले पालिकाका सबै पहाड चुचुरा र पर्यटन एवं समृद्धिको सङ्केत
४. गुल्मीदरबारको भवनले गुल्मीदरबार र जिल्लाको ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाको संकेत
५. धानको बाला र मकैको सङ्केतले पालिकाको कृषि उत्पादनको संकेत
६. गोल्डेन माछाले पालिकाबासीको सुख, समृद्धी, सौभाग्यको संकेतको साथै माछामा आत्मनिर्भरताको संकेत
७. झाकीहरूको सङ्केतले कला, संस्कृति र विभिन्न जातजातिहरूको पहिचानको संकेत
८. गुल्मीदरबार गाउँपालिकाको नक्सा महिला पुरुषको हातले उचालेको अर्थ सुखी र समृद्ध पालिका निर्माणमा पालिकाका सबै जनताहरूको साथ र सहयोगको संकेत ।
९. मौरीको घार र मौरीले पालिकाका जनप्रतिनिधि, कर्मचारी र जनता मेहनतीको सङ्केत साथै गुल्मीदरबार गा .पा. १ बलिथुम मौरीमा आत्मनिर्भरता र क्रमश पालिका मह उत्पादनमा आत्मनिर्भरताको सङ्केत
१०. हरियो रंगले खेतीयोग्य जमिन र कृषकको प्रतिनिधित्व, रातो रंगले आर्थिक क्रान्ति र समृद्धि, सेतो रंगले शान्त र सुखी जनताको संकेत, पहेलो रंगले सौभाग्यको संकेत , निलो रंगले स्वच्छ पानीको संकेत
११. पालिका र प्रदेशको नामले जिल्ला, पालिका र प्रदेशको पहिचान ।

## जिन्सी व्यवस्थापन सम्बन्धी सफ्टवेयर प्रणालीको संचालन

यस गुल्मीदरबार गाउँपालिकाको सम्पत्तीलाई कम्प्युटराईज प्रमाणलीबाट अभिलेख व्यवस्थापन गर्नको लागि चालु आ.व. ०७७।०७८ बाट जिन्सी व्यवस्थापन सफ्टवेयर प्रणाली संचालनमा ल्याएको छ । जसबाट शाखाहरु, वडा कार्यालय तथा स्वास्थ्य ईकाईहरुबाट अनलाईन मार्फत माग फाराम भरी Automated System मार्फत जिन्सी व्यवस्थापन गरिएको छ ।




## शाखाहरुमा इन्टरकमको व्यवस्था







शाखा प्रमुख र कर्मचारीहरुसँग सेवा प्रवाह र कार्यालयको कामकाजको बारेमा अन्तरशाखा समन्वय र सूचना आदान प्रदान गर्दै प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यले पालिकाका सम्पूर्ण शाखाहरुमा इन्टरकम जडान गरि एक्स्टेन्सन नम्बरको व्यवस्था गरिएको ।

## शाखाहरुको कोठा नं. र नामाकरण














आम सर्वसाधारण नागरिकहरुको सुविधालाई ध्यानमा राखी पालिकाका सबै शाखाहरुको नाम र कोठा नम्बर सहितको विवरण सबै शाखाहरुको ढोका माथि राखिएको छ । कोठा नं. को पहिचान भई सर्वसाधारण नागरिकलाई काममा सहजता आएको महशुष गरिएको छ ।

## विभिन्न कार्यविधि र निर्देशिकाहरुको निर्माण




गाउँपालिकाको समग्र कार्यलाई व्यवस्थीत, प्रभावकारी र कानून सम्मत बनाउनका लागि २०७७ श्रावण महिनामा निम्नानुसारका कार्यविधि र निर्देशिकाको निर्माण गरिएको छ ।

१. भूमि बैंक सम्बन्धी कार्यविधि २०७७

कोभिड-१९ को कारणले देश भित्र तथा बाहिरबाट रोजगारी गुमाएर गाउँ फर्किएका नागरिकहरुलाई कृषि उत्पादनमा प्रोत्साहन गर्न तथा पालिका भित्र रहेका खेति योग्य बाँझो जमिनहरुको लगत संकलन गरी बाँझो जमिनलाई उयपोगमा ल्याई कृषि उत्पादन गरी रोजगार सिर्जना र आत्मनिर्भर हुनको लागि भूमि बैंक सम्बन्धी कार्यविधि जारी गरीएको छ ।

२. व्यवसाय दर्ता, नविकरण तथा कर सम्बन्धी कार्यविधि २०७७

गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विभिन्न व्यवसायहरुलाई कानूनी दायरामा ल्याई दर्ता, नवीकरण, नियमन र खारेजी तथा व्यवसायहरुको बर्गीकरण सम्बन्धी विषयमा प्रकृयागत स्पष्टता ल्याई व्यवसायमैत्री वातावरण निर्माण गर्न र व्यवसाय करलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा कार्यान्वयन गरी पालिकाको आम्दानी वृद्धि गर्नको लागि व्यवसाय दर्ता नविकरण तथा कर सम्बन्धी कार्यविधि २०७७ निर्माण गरी जारी गरिएको छ ।

३. संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७७

गाउँपालिका क्षेत्रभित्रका सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायीक तथा परोपकारी सामाजिक गैर राजनीतिक र गैर नाफामूलक संस्थाहरुको स्थापना तथा दर्ता गर्ने प्रकृयालाई व्यवस्थित एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्दै व्यवस्थित अभिलेखिकरणको लागि संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७७ निर्माण गरी जारी गरिएको छ ।

४. गुल्मीदरबार गाउँपालिकाको सार्वजनिक खर्च मितव्ययिता सम्बन्धी निर्देशिका,२०७७

गाउँपालिकाको आन्तरिक स्रोत अन्त्यनै न्यून भएको तथा हाल विश्व महामारिको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) संक्रमण नियन्त्रण तथा रोकथामको लागि भए गरेका प्रयासहरुको कारणले अर्थतन्त्रमा गम्भिर असर परेको अवस्था विद्यमान रहेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व रकम समेत गत वर्षको अनुमान गरेकोमा कम प्राप्त भएको कारण समेतले पालिकाको समग्र आय कम भएको र व्यय गर्नुपर्ने क्षेत्रको वृद्धि भएको अवस्था रहेको छ । पालिकामा सुशासन, पारदर्शिता कायम गर्दै सार्वजनिक खर्चमा थप मितव्ययिता ल्याउन नेपाल सरकारले वि.सं. २०७५।०१।२६ मा जारी गरेको मार्गदर्शन तथा सभाबाट स्वीकृत नीतिगत मार्गदर्शनलाई आधार मानी पालिकाबाट गरिने विभिन्न खर्चहरुलाई व्यवस्थित, मर्यादित र पारदर्शी रुपमा संचालन गर्नको लागि गुल्मीदरबार गाउँपालिकाको सार्वजनिक खर्च मितव्ययिता सम्बन्धी निर्देशिका २०७७ निर्माण गरी जारी गरिएको छ ।

५. गुल्मीदरबार गाउँपालिकाको कस्तो छ आमा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०७७

सबै नागरिकहरुलाई आधारभूत स्वाथ्य सेवा  नि:शुल्क रुपमा उपलब्ध गराउने सबैधानिक व्यवस्था बमोजिम गुल्मीदरबार गाउँपालिकाका  गर्भवती महिलाहरुको स्वाथ्य सुरक्षालाई ध्यानमा दिदै सुरक्षित रुपमा मातृशिशु  कार्यक्रम

संचालनार्थ गुल्मीदरबार गाउँपालिकाको कस्तो छ आमा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०७७ निर्माण गरि जारी गरिएको छ ।


### कृषकसँग कृषि प्रावधिक र पशु प्राविधिक

पालिकाका कृषकहरुको विभिन्न समस्याहरु बुझ्न र समस्या समाधान गर्नको लागि, कृषकहरुलाई आवश्यक राय सल्लाह सुझाव दिनको लागि तथा कृषकहरुले उत्पादन गरेका कृषि उपजहरु र पशुपालनको अवस्थाको बारेमा जानकारी लिनको लागि पालिकाका कृषि प्राविधिक र पशु प्राविधिकहरुलाई अनिवार्य रुपमा कृषकहरुसँग भेटघाट गरी कृषकका समस्या समाधानको कार्य गर्न पालिकाबाट आवश्यक ढाँचा निर्माण गरी तोकिएको ढाँचामा मासिक रुपमा प्रगती प्रतिवेदन पेश गर्न प्राविधिकहरुलाई निर्देशन दिईएको छ ।

### नियमित मासिक बैठक

पालिकामा कार्यरत कर्मचारीहरुको प्रत्येक महिनाको ७ गते दिनको २ बजे देखि नियमित मासिक बैठक बस्ने व्यवस्था लागू गरिएको छ । सबै शाखा र वडाहरुबाट तोकिएको ढाँचामा प्रगती प्रतिवेदन प्रत्येक महिनाको ३ गते भित्र पालिकामा पेश गर्ने र सोही आधारमा एकीकृत प्रगती प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने । आफ्नो आफ्नो शाखाको प्रगती प्रतिवेदन, पालिकाको समग्र कामको समीक्षा, सुधार गर्नुपर्ने कुराहरु, आगामी कार्यदिशा लगायतका विषयहरु समावेश गरी आ-आफ्नो शाखा तथा कार्यालयबाट भए गरेका कार्यहरुको प्रगती प्रतिवेदन पेश गर्ने व्यवस्था समेत मिलाईएको छ । सम्पादीत कार्यहरुको प्रभावकारीताको मूल्याङ्कन र समीक्षा गर्दै सेवा प्रवाहलाई परिस्कृत रुपमा प्रस्तुत गर्न मासिक समीक्षा बैठक उपलब्धी मूलक हुने अपेक्षा गरिएको छ ।

### SuTRA सफ्टवेयरमा वार्षिक कार्यक्रमहरु प्रविष्टि




स्थानीय तहको आर्थिक कार्यप्रणाली, लेखाङ्कनको आधार एबं ढाँचा र पद्धतिमा एकरुपता कायम गरी सरल र ब्यवस्थित गराउने उद्देश्यले नेपाल सरकार,अर्थ मन्त्रालयले विकास गरेको SuTRA सम्टवेयरमा चालु आ.व.का सम्पूर्ण वार्षिक कार्यक्रमहरु प्रविष्टि सम्पन्न गरि लेखाङ्कनको आधार तयार गरिएको ।

## वार्षिक विकास कार्यक्रमहरु समावेश भएको पुस्तक प्रकाशनको तयारी अन्तिम चरणमा




छैठौ गाउँसभामार्फत गाउँपालिकाको वार्षिका कार्यक्रम स्वीकृत गरि नीति, कार्यक्रम तथा बजेट समेटिएको पुस्तक सार्वजनिक गर्ने कार्य अन्तिम चरणमा रहेको ।

यस गाउँपालिकाले सेवा प्रवाहमा एकरूपता कायम गर्न सहायता कक्ष सञ्चालन गरिएको छ । सेवाग्राहीले सेवा सहज र सरल रुपमा प्राप्त गर्न आवश्यक सहयोग पुऱ्याउने मुख्य उद्देश्यका साथ गाउँपालिकाले सहायता कक्ष सञ्चालन गरेको हो । सेवा प्रवाहमा एकरूपता कायम गर्न तथा नागरिकको सहज पहुँच स्थापित गर्न गाउँपालिकामा सहायता कक्ष सञ्चालन गरिएको छ । सहायता कक्षबाट पालिकामा सेवा लिन आउने नागरिकहरुले पेश गर्नुपर्ने विभिन्न निवेदनहरुको ढाँचा उपलब्ध गराईने र उनीहरुको काममा सहजिकरण गरिदिने व्यवस्था मिलाईएको छ । त्यस्तै निवेदन लेखिदिने के कामको लागि के-के कागजात चाहिन्छ र कुन कोठामा के काम हुन्छ भन्ने विषयमा जानकारी दिने व्यवस्था मिलाईएको छ ।

## स्वास्थ्य सम्बन्धि विभिन्न गतिविधिहरु




मिति २०७७।०४।१७ देखि २३ गते सम्म २८ औ विश्व स्तनपान दिवस सबै वडामा सम्पन्न भएको ।



पालिकाका सबै वडाहरुमा कार्यरत महिला स्वास्थ्य स्वयमसेवीकालाई परिचय पत्र वितरण गरिएको ।






पालिकाका सबै वडाहरुमा रोटा खोपको सुरुवात ।

# श्रावण महिनामा भए गरेका मुख्य कार्यहरु

| सि.नं | सम्पादित प्रमुख कार्यहरु | यो महिनाको उपलब्धि | यो आ.व.मा हालसम्मको | कैफियत |
|---|---|---|---|---|
| १. | **पन्जिकरण तर्फ** | | | |
| | क. जन्मदर्ता | ९० | | |
| | ख. मृत्युदर्ता | ५३ | | |
| | ग. विवाहदर्ता | १७ | | |
| | घ. सम्बन्ध विच्छेद | ० | | |
| | ङ. बसाईसराई दर्ता | ४ | | |
| | च. बसाई सरी गएको | ३ | | |
| | छ. बसाई सरी आएको | १ | | |
| २. | **सामाजिक सुरक्षा तर्फ** | **०** | | |
| | वितरण गरिएको रकम | ० | | |
| | जम्मा लगत कट्टा भएको संख्या | ० | | |
| | जम्मा थप भएको संख्या | ० | | |
| | हाल कायम भएको जम्मा संख्या | ० | | |
| ३. | नाता प्रमाणित संख्या | ४० | | |
| ४. | आम्दानी प्रमाणित संख्या | ५ | | |
| ५. | नागरिकता सिफारिस | १९ | | |
| ६. | नाबालक परिचय पत्र सिफारिस | ० | | |
| ७. | प्रतिलिपि नागरिकता सिफारिस | १४ | | |
| ८. | **प्रकोप व्यवस्थापन सम्बन्धी** | | | |
| | क) राहत प्राप्त गर्ने संख्या | ० | | |
| | ख) आर्थिक सहायता रकम | ० | | |
| ९ | **न्यायिक समिति सम्बन्धी विवरण** | | | |
| | क) न्यायिक समितिमा दर्ता भएका निवेदन संख्या | ० | | |
| | फछ्र्योट संख्या | ० | | |
| | ख) मिलापत्र भएका | ० | | |
| | ग) स्थगित निवेदन | ० | | |
| | घ) मिलापत्र हुन नसकि अदालत गएका | ० | | |
| | ङ) मिलापत्रको लागि प्रहरीमा पठाएको | ० | | |
| १० | पेन्सन सम्बन्धी कागजात सिफारिस | ० | | |
| ११ | अन्य प्रमाणित | ० | | |
| १२ | संघ संस्था दर्ता | ० | | |
| १३ | संघ संस्था नविकरण | ० | | |
| १४ | व्यवसाय दर्ता | ० | | |
| १५ | व्यवसाय नविकरण | ० | | |

| सि.नं | सम्पादित प्रमुख कार्यहरु | यो महिनाको उपलब्धि | यो आ.व.मा हालसम्मको | कैफियत |
|---|---|---|---|---|
| १६ | कृषि सम्बन्धी फर्म दर्ता | ० | | |
| १७ | कृषि सम्बन्धी फर्म नविकरण | ० | | |
| १८ | पशुपालन सम्बन्धी फर्म दर्ता | ० | | |
| १९ | कृषि सम्बन्धी फर्म नविकरण | ० | | |
| २० | सहायता कक्षबाट सेवा लिने संख्या | ११ | | |
| २१ | सामाजिक संजाल अध्यावधिक पटक | ३३ | | |
| २२ | कार्यालयको वेवसाईट अध्यावधिक पटक | ३० | | |
| २३ | SMS मार्फत सूचना संम्प्रेषण | ३५७६ | | |
| २४ | अनुगमन सम्बन्धी विवरण | ० | | |
| २५ | क. बजार अनुगमन | ० | | |
| | कारवाही | ० | | |
| | ख. स्वास्थ्य चौकीहरुको अनुगमन | ४ | | |
| | ग. वडा कार्यलयहरुको अनुगमन | ० | | |
| | घ. विद्यालयहरुको अनुगमन | ० | | |
| | ङ. सहकारी संस्थाहरुको अनुगमन | ० | | |
| | च. योजनाहरुको अनुगमन निरीक्षण | ० | | |
| | छ. योजनाहरुको प्राविधिक निरीक्षण | ११ | | |
| | ज. मासुपसलहरुको अनुगमन | ० | | |
| | झ. औषधी पसलहरुको अनुगमन | ० | | |
| | ञ. कृषकहरुको फर्म अनुगमन | १ | | |
| | ट. कृषक भेटघाट (कृषिसँग सम्बन्धित) | १० | | |
| | ठ. कृषक भेटघाट (पशुपंछीसँग सम्बन्धित) | १ | | |
| २६ | योजना सम्झौता | ० | | |
| | योजना भुक्तानी | ० | | |
| २७ | **गुनासो फछ्र्यौट** | | | |
| | क) कार्यालयमा निवेदन मार्फत | ० | | |
| | ख) हेल्लो सरकार मार्फत | ० | | |
| | ग) सामाजिक सन्जाल मार्फत | ० | | |
| २८ | **बैठक सम्बन्धी विवरण** | | | |
| | क. कार्यापालिका बैठक | ४ | | |
| | ख. वडा समिति बैठक | १४ | | |
| | ग. विषयगत समिति बैठक | १ | | |
| | घ. विपद् सम्बन्धी बैठक | ० | | |
| | ङ. LCCMC बैठक | २ | | |
| | च. खरिद सम्बन्धी बैठक | ० | | |

| सि.नं | सम्पादित प्रमुख कार्यहरु | | यो महिनाको उपलब्धि | यो आ.व.मा हालसम्मको | कैफियत |
|---|---|---|---|---|---|
| | छ. टेण्डर सम्बन्धी बैठक | | ० | | |
| | ज. कर्मचारी छनौट सम्बन्धी बैठक | | ६ | | |
| | झ. विपन्न नागरिक उपचार सम्बन्धी बैठक | | १ | | |
| | ज. स्टाफ बैठक | | १ | | |
| | झ. प्र.अ. हरुको मासिक बैठक | | ० | | |
| | ञ. अन्य | | ५ | | |
| २९. | **स्वास्थ्य सेवा लिने नागरिकहरुको विवरण** | | ४२७० | | |
| | स्वास्थ्य संस्थाबाट | २५०४ | | | |
| | खोप केन्द्रबाट | ३६१ | | | |
| | महिला स्वास्थ्य स्वयंसेविका मार्फत | ११३४ | | | |
| | गाउँघर क्लीनिकबाट | २३८ | | | |
| | रोटा खोप | ३३ | | | |
| ३०. | निशुल्क औषधी वितरण | | २२५६ जना | | |
| ३१. | मातृ तथा नवशिशु | | ९८ जना | | |
| ३२. | प्रधानमन्त्री रोजगार कार्यक्रम योजना संख्या | | २९ | | |
| ३३. | रोजगारमा संलग्न जनशक्ति | | ५७० | | |
| ३४. | कृषक दर्ता संख्या | | ० | | |
| ३५. | कृषक समूह दर्ता संख्या | | ० | | |
| ३६. | कृषकहरुलाई विउपल वितरण (कृषक संख्या) | | ० | | |
| ३७. | कृषकहरुलाई औजार वितरण | | ० | | |
| ३८. | पशुपंक्षी औषधी वितरण | | ४५० | | |
| ३९. | पशुपंक्षि निकासा सिफारिस र संख्या | | | | |
| ४०. | कृतिम गर्भाधान (गाई) | | ३३ | | |
| | कृतिम गर्भाधान (भैंसी) | | १२ | | |
| | जम्मा | | ४५ | | |
| ४१. | जेष्ठ नागरिक परिचय पत्र वितरण संख्या | | ४ | | |
| ४२. | अपाङ्ग परिचय पत्र वितरण संख्या | | ० | | |
| ४३. | गरिव परिचय पत्र वितरण संख्या | | ० | | |
| ४४. | हेल्थ डेस्कबाट सेवा लिनेको संख्या | | ५३८ | | |
| ४५. | ऐन, नियम, नियमावली, स्वीकृत भएको संख्या | | ० | | |
| ४६. | कार्यविधी र निर्देशिका स्वीकृत भएको संख्या | | ४ | | |

## २. राजश्व सम्बन्धी विवरण:

| विवरण | साउनको राजश्व रकम (रु.) | यो आ.व.मा हालसम्मको | कैफियत |
|---|---|---|---|
| एकीकृत सम्पत्ती कर | ० | ० | |
| भुमी कर (मालपोत) | ८३१३ | ८३१३ | |
| घरवहाल कर | ३०५४ | ३०५४ | |
| सिफारिस दस्तुर | ३८१८० | ३८१८० | |
| व्यक्तिगत घटना दर्ता | १६४०० | १६४०० | |
| व्यवसाय कर | ८१२० | ८१२० | |
| जडीबुटी कबाडी र जीवजन्तु कर | ० | ० | |
| सवारी साधन कर | ० | ० | |
| विज्ञापन कर | ० | ० | |
| मनोरन्जन कर | ० | ० | |
| पार्किङ्ग शुल्क | ० | ० | |
| सेवा शुल्क दस्तुर | ० | ० | |
| फोहर मैला व्यवस्थापन शुल्क | ० | ० | |
| नक्सा पास दस्तुर | ० | ० | |
| संघ संस्था समूह दर्ता शुल्क | ० | ० | |
| संघ संस्था समूह नविकरण शुल्क | ० | ० | |
| ढुङ्गा गिटी वालुवा | ० | ० | |
| विविध आय | ० | ० | |
| बहाल विरौटी कर | ० | ० | |
| लेखा परिक्षक दस्तुर | ० | ० | |
| अन्य कर | १६१७४ | १६१७४ | |
| सूची दर्ता | ३००० | ३००० | |
| **जम्मा कर** | **९३२४१** | **९३२४१** | |

## ३. धरौटी सम्बन्धी विवरण:

| अल्या (गत वर्षको) | यो महिनाको | हालसम्मको |
|---|---|---|
| २७२९२६१ | ० | २७२९२६१ |

## ४. आर्थिक प्रशासन सम्बन्धी

### क. पूँजीगत खर्च

| विवरण | वार्षिक बजेट | यो महिनाको खर्च | यो आ.व.मा हालसम्मको | बाँकी बजेट | कैफियत |
|---|---|---|---|---|---|
| गाउँपालिका | ४००००० | ० | ० | ४००००० | |
| संघ | १३२८००००० | ० | ० | १३२८००००० | |
| प्रदेश | १७७८७००० | ० | ० | १७७८७००० | |
| जम्मा | १५९९८७००० | ० | ० | १५९९८७००० | |

### ख. चालु खर्च

| विवरण | वार्षिक बजेट | यो महिनाको खर्च | यो आ.व.मा हालसम्मको | बाँकी बजेट | कैफियत |
|---|---|---|---|---|---|
| गाउँपालिका | २६००००४ | ० | ० | २६००००४ | |
| संघ | २४१८८३८६० | ० | ० | २४१८८३८६० | |
| प्रदेश | १७७५३००० | ० | ० | १७७५३००० | |
| जम्मा | २६२२३६८६४ | ० | ० | २६२२३६८६४ | |

## कर्मचारीको हाजिरी, काज र बिदा सम्बन्धी विवरण

आ.व. २०७७/७८ महिना : साउन

| सि.नं. | पद | नाम थर | कार्यालय खुलेको दिन | जम्मा हाजिर दिन | काजमा/ फिल्ड गएको दिन | बिदा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | लक्ष्मण पाण्डे | २६ | २६ | ० | ० | |
| २ | अधिकृत छैठौं, स्वास्थ्य | नारायण प्रसाद अर्याल | २६ | २१ | ० | ० | |
| ३ | अधिकृत छैठौं | नवराज घिमिरे | २६ | २५ | ० | १ | |
| ४ | अधिकृत छैठौं | टंक प्रसाद पन्थी | २६ | २१ | ० | ५ | |
| ५ | सूचना प्रविधि अधिकृत | सुरेश खनाल | २६ | २५ | ० | १ | |
| ६ | ईन्जिनीयर, अधिकृत छैठौं | राजु अर्याल | २६ | २६ | ० | ० | |
| ७ | अधिकृत छैठौं, शिक्षा | सुन्दर चालिसे | २६ | २५ | ० | १ | |
| ८ | स्रोत व्यक्ती शिक्षा | नरेन्द्र प्रसाद शर्मा | २६ | २४ | ० | २ | |
| ९ | पशु विकास संयोजक | उजेलीदेवि पोखेल | २६ | २२ | १ | ० | |
| १० | अधिकृत छैठौं, लेखा | भविष्य अर्याल | २६ | २५ | ० | १ | |

आ.व. २०७७/७८ महिना : साउन

| सि.नं. | पद | नाम थर | कार्यालय खुलेको दिन | जम्मा हाजिर दिन | काजमा/ फिल्ड गएको दिन | बिदा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ११ | रोजगार संयोजक | निर्मला पाण्डेय | २६ | २६ | ० | ० | |
| १२ | ईन्जिनीयर पुन निर्माण प्रा. | अनिल कुमार यादव | २६ | २५ | ० | ० | |
| १४ | नायव सुव्बा | भिमसेन थापा | २६ | २१ | ० | ५ | |
| १५ | वडा सचिव- ४ | घनश्याम चुँदाली | २६ | २६ | ० | ० | |
| १६ | खा.पा.स.टे. पाँचौं | खिम बहादुर कार्की | २६ | १४ | ७ | ० | |
| १७ | लेखापाल | तेजेन्द्र थापा | २६ | २५ | | १ | |
| १८ | आ.ले.प.सहायक | टेकराज गिरी | २६ | २६ | ० | ० | |
| १९ | वडा सचिव- ५, ६ र ७ | माया टण्डन | २६ | २६ | ० | ० | |
| २० | सव-इन्जिनियर | विक्रम बस्नेत | २६ | २४ | | २ | |
| २१ | सव-इन्जिनियर | सिता लम्तरी | २६ | ० | ० | २६ | सुत्केरी बिदा |
| २२ | कम्प्यूटर अपरेटर | टुक बहादुर राना | २६ | २६ | ० | ० | |
| २३ | प्राविधिक सहायक | दिपक पोखेल | २६ | १९ | | ७ | |
| २४ | एम.आइ.एस. अपरेटर | धाम बहादुर ढेंगा | २६ | २६ | ० | ० | |
| २५ | वडा सचिव-१ | जग बहादुर सर्तुङ्गी | २६ | २५ | ० | १ | |
| २६ | वडा सचिव- ३ | पूर्णिमा घिमिरे | २६ | २६ | ० | ० | |
| २७ | वडा सचिव- 2 | रुम बहादुर गाहा | २६ | २२ | ० | ४ | |
| २८ | सूचना सहायक | प्रकाश थापा | २६ | २६ | ० | ० | |
| २९ | ना.कृ.प्राविधिक | लिल बहादुर घर्ति | २६ | २२ | १ | १ | |
| ३० | अ.हे.व. | विष्णु बहादुर सुर्यवंशी | २६ | १६ | ० | ० | स्वा.शा.मा काजमा कार्यरत |
| ३१ | फिल्ड सहायक | विनिता ज्ञवाली | २६ | ० | ० | २६ | सुत्केरी बिदा |
| ३२ | कार्यालय सहयोगी | मित्रलाल ज्ञवाली | २६ | २६ | ० | ० | |
| ३३ | हलुका सवारी चालक | गोविन्द थापा | २६ | २० | ६ | ० | |
| ३४ | कार्यालय सहयोगी | टोपलाल ज्ञवाली | २६ | २६ | ० | ० | |
| ३५ | कार्यालय सहयोगी | चोलाकान्त पौडेल | २६ | २१ | ० | ५ | |
| ३६ | कार्यालय सहयोगी | गोमा खत्री | २६ | २० | ० | ६ | |

# कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धीका कार्यहरु

## हेल्थडेक्स निरन्तर संचालनमा



कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रण गर्दै जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यकासाथ पालिकाको मुख्य प्रवेशद्धारामा हेल्थडेक्स संचालन गरिएको । असार र श्रावण महिनामा ५३८ जना सेवाग्राहीहरुले सेवा प्राप्त गरेका छन् ।

## हेल्थडेक्स निरन्तर संचालनमा





राजारुन्खा दहको क्वारेन्टिन र म्यालपोखरी मा.वि. होल्डिङ्ग सेन्टरको अनुगमन प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डे, SSBH कि कन्सल्टेन्ट विनिता यादब र स्वास्थ्य अधिकृत नारायणप्रसाद अर्यालबाट सम्पन्न भएको ।







मिति २०७७/०४/०४ गतेका दिन गुल्मीदरबार गाउँपालिकाका चारपाला बचत तथा ऋण सहकारी संस्था र साना किसान कृषी सहकारी संस्थाको तर्फबाट गाउँपालिकाको लागि १००/१०० का दरले २०० थान PCR vtm हस्तान्तरण गर्नुभयो।

कोभिड-१९ नियन्त्रण र रोकथामलाई निरन्तर दिदै गुल्मीदरबार गाउँपालिकाले गोडाकोट स्वास्थ्य चौकीमा १० वेडको व्यवस्थित होल्डीङ्ग आइसोलेसनको स्थापना भई श्रावण सम्म ४ जना बसेका र हाल सबै डिर्स्चाज भएका छन् ।

- महिला स्वास्थ्य स्वयसेवीका, स्वास्थ्यकर्मीहरु परिचालन गरि कोभिडरोकथामका लागि आमा समूहलाई १९- स्वास्थ्य शिक्षा।
- जम्मा पिजना १२१ : जाँच .आर.सि.
  नेगेटिभ जना ११४ :
  पोजेटिभ जना ७ :
- स्वास्थ्य कर्मीहरुको संख्या : ४५ जना
  महिला स्वयमसेवीकाको संख्या : ८३ जना

# अनुसूचीहरु

## अनुसूची-१

## जनप्रतिनिधिहरुको विवरण

| क्र.स. | नाम थर | ठेगाना | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कुमार थापा | गुल्मीदरबार ६ | अध्यक्ष | ९८५७०७४४१० | |
| २ | श्री मिना भण्डारी | गुल्मीदरबार १ | उपाध्यक्ष | ९८५७०७४४११ | |
| ३ | श्री राम बहादुर पल्ली | गुल्मीदरबार १ | वडा अध्यक्ष (वडा नं १) | ९८५७०७४४०१ | |
| ४ | श्री हरिहर गौतम | गुल्मीदरबार २ | वडा अध्यक्ष (वडा नं २) | ९८५७०७४४०२ | |
| ५ | श्री बल बहादुर थापा | गुल्मीदरबार ३ | वडा अध्यक्ष (वडा नं ३) | ९८५७०७४४०३ | |
| ६ | श्री खुम बहादुर पल्ली | गुल्मीदरबार ४ | वडा अध्यक्ष (वडा नं ४) | ९८५७०७५४०४ | |
| ७ | श्री लिला बहादुर बलाल | गुल्मीदरबार ५ | वडा अध्यक्ष (वडा नं ५) | ९८५७०७४४०५ | |
| ८ | श्री हिरा बहादुर खत्री | गुल्मीदरबार ६ | वडा अध्यक्ष (वडा नं ६) | ९८५७०७४४०६ | |
| ९ | श्री टोप बहादुर बस्नेत | गुल्मीदरबार ७ | वडा अध्यक्ष (वडा नं ७) | ९८५७०७४४०७ | |
| १० | श्री टिकीसरा थापा | गुल्मीदरबार ३ | सदस्य (कार्यपालिका) | ९८५७०७४४०८ | |
| ११ | श्री तारा गिरी | गुल्मीदरबार ५ | सदस्य (कार्यपालिका) | ९८५७०७४४०९ | |
| १२ | श्री सनुदेवी कार्की | गुल्मीदरबार ६ | सदस्य (कार्यपालिका) | ९८५७०७४४१२ | |
| १३ | श्री तुलसा देवि अर्याल | गुल्मीदरबार ७ | सदस्य (कार्यपालिका) | ९८५७०७४४१३ | |
| १४ | श्री इश्वरी परियार | गुल्मीदरबार ५ | सदस्य (कार्यपालिका) | ९८५७०७४४१५ | |
| १५ | श्री मनीकला बोटे | गुल्मीदरबार १ | सदस्य (कार्यपालिका) | ९८५७०७४४१४ | |
| १६ | श्री शारदा गौतम | गुल्मीदरबार १ | सदस्य (वडा नं. १) | ९८४७२०१८२२ | |
| १७ | श्री बसुन्धरा सार्की | गुल्मीदरबार १ | सदस्य (वडा नं. १) | ९८११९८९२९१ | |
| १८ | श्री बुद्धि प्रसाद पोखरेल | गुल्मीदरबार १ | सदस्य (वडा नं. १) | ९७४७०७७३५७ | |
| १९ | श्री सुर्य बहादुर कुँवर मगर | गुल्मीदरबार १ | सदस्य (वडा नं. १) | ९८५७०६७६७२ | |
| २० | श्री देवीकुमारी राना | गुल्मीदरबार २ | सदस्य (वडा नं. २) | ९८२१९२७३६१ | |
| २१ | श्री सावित्रा सुनार | गुल्मीदरबार २ | सदस्य (वडा नं. २) | ९८६७००७९२३ | |
| २२ | श्री हेमन्त बहादुर खड्का | गुल्मीदरबार २ | सदस्य (वडा नं. २) | ९८५११४२८१८ | |

| क्र.स. | नाम थर | ठेगाना | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| २३ | श्री खिम बहादुर रजाली | गुल्मीदरबार २ | सदस्य (वडा नं. २) | ९८४७०४२४५० | |
| २४ | श्री कान्ता वि.क. | गुल्मीदरबार ३ | सदस्य (वडा नं. ३) | ९८६७२४००६९ | |
| २५ | श्री रविन्द्र शाहा | गुल्मीदरबार ३ | सदस्य (वडा नं. ३) | ९८४७३१०७४९ | |
| २६ | श्री ललित बहादुर सराङ्कोटी | गुल्मीदरबार ३ | सदस्य (वडा नं. ३) | ९८६७७३८६७० | |
| २७ | श्री कमला कुमारी डम्मरपाल | गुल्मीदरबार ४ | सदस्य (वडा नं. ४) | ९८४७११३४४७ | |
| २८ | श्री मना विश्वकर्मा | गुल्मीदरबार ४ | सदस्य (वडा नं. ४) | ९८६७२४२३६३ | |
| २९ | श्री लेख बहादुर कार्की | गुल्मीदरबार ४ | सदस्य (वडा नं. ४) | ९८५७०६१५९८ | |
| ३० | श्री लोक बहादुर ढेंगा | गुल्मीदरबार ४ | सदस्य (वडा नं. ४) | ९८६७१३२४५१ | |
| ३१ | श्री शान्ता वि.क. | गुल्मीदरबार ५ | सदस्य (वडा नं. ५) | ९८४४७५२३६० | |
| ३२ | श्री टोप बहादुर बुचा | गुल्मीदरबार ५ | सदस्य (वडा नं. ५) | ९८४७२२७९०३ | |
| ३३ | श्री बाबुराम पन्त | गुल्मीदरबार ५ | सदस्य (वडा नं. ५) | ९८४७२५४९५४ | |
| ३४ | श्री सुनिता वि.क. | गुल्मीदरबार ६ | सदस्य (वडा नं. ६) | ९८४७४५३८८८ | |
| ३५ | श्री डिल बहादुर टण्डन | गुल्मीदरबार ६ | सदस्य (वडा नं. ६) | ९८४७३०९३५९ | |
| ३६ | श्री नुर बहादुर खत्री | गुल्मीदरबार ६ | सदस्य (वडा नं. ६) | ९८५७०६१५४६ | |
| ३७ | श्री लक्षिमा सुनार | गुल्मीदरबार ७ | सदस्य (वडा नं. ७) | ९८१६४३४७८६ | |
| ३८ | श्री थम्मन बहादुर बस्नेत | गुल्मीदरबार ७ | सदस्य (वडा नं. ७) | ९८४४७९१९३७ | स्वर्गारोहण |
| ३९ | श्री शालिकराम टण्डन | गुल्मीदरबार ७ | सदस्य (वडा नं. ७) | ९८४४७७२१२७ | |

## अनुसूची-२
## कर्मचारीहरुको विवरण

| सि न | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | लक्ष्मण पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६७९१२ | |
| २ | नारायण प्रसाद अर्याल | अधिकृत छैठौं, स्वास्थ्य | ९८५७०८५२११ | |
| ३ | नवराज घिमिरे | अधिकृत छैठौं | ९८५७०८५२०९ | |
| ४ | टंक प्रसाद पन्थी | अधिकृत छैठौं | ९८५७०८५२०८ | |
| ५ | सुरेश खनाल | सूचना प्रविधि अधिकृत | ९८५७०७४४०० | |

| सि न | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| ६ | राजु अर्याल | ईन्जिनीयर, अधिकृत छैठौं | ९८५७०८५२१४ | |
| ७ | सुन्दर चालिसे | अधिकृत छैठौं, शिक्षा | ९८५७०८५२१३ | |
| ८ | नरेन्द्र प्रसाद शर्मा | स्रोत व्यक्ती शिक्षा | ९८५७०६७२८७ | |
| ९ | उजेलीदेवि पोखेल | पशु विकास संयोजक | ९८५७०८५२१० | |
| १० | भविष्य अर्याल | अधिकृत छैठौं, लेखा | ९८५७०८५२१५ | |
| ११ | निर्मला पाण्डेय | रोजगार संयोजक | ९८६७०१४३०० | |
| १२ | अनिल कुमार यादव | ईन्जिनीयर पुन निर्माण प्रा. | ९८६३९७०५४७ | |
| १३ | भिमसेन थापा | नायव सुव्वा | ९८५७०६१७३२ | |
| १४ | घनश्याम चुँदाली | वडा सचिव- ४ | ९८५७०८५२०४ | |
| १५ | खिम बहादुर कार्की | खा.पा.स.टे. पाँचौं | ९८५७०६७९६१ | |
| १६ | तेजेन्द्र थापा | लेखापाल | ९८५७०६४०७८ | |
| १७ | टेकराज गिरी | आ.ले.प.सहायक | ९८४४७४६१०६ | |
| १८ | माया टण्डन | वडा सचिव- ५, ६ र ७ | ९८५७०८५२०७ | |
| १९ | विक्रम बस्नेत | सव-इन्जिनियर | ९८५७०८९५२७ | |
| २० | सिता लम्तरी | सव-इन्जिनियर | ९८४७३३४६३९ | |
| २१ | टुक बहादुर राना | कम्प्यूटर अपरेटर | ९८४७५९६३९३ | |
| २२ | दिपक पोखेल | प्राविधिक सहायक | ९८६७४००४४९ | |
| २३ | धाम बहादुर ढेंगा | एम.आइ.एस. अपरेटर | ९८५७०६४७२५ | |
| २४ | जग बहादुर सर्तुङ्गी | वडा सचिव-१ | ९८५७०८५२०१ | |
| २५ | पूर्णिमा घिमिरे | वडा सचिव- ३ | ९८५७०८५२०३ | |
| २६ | रुम बहादुर गाहा | वडा सचिव- 2 | ९८५७०८५२०२ | |
| २७ | विरेन्द्र कुमार टडन | असिस्टेन्ट सब-इन्जिनियर | ९८५७०५७३६७ | |
| २८ | गोकर्णप्रसाद तिमिल्सैना | असिस्टेन्ट सब-इन्जिनियर | ९८४८५५००६७ | |
| २९ | सागर सारु | असिस्टेन्ट सब-इन्जिनियर | ९८४७४९६४७४ | |
| ३० | प्रकाश थापा | सूचना सहायक | ९८५७०६४९६१ | |
| ३१ | लिल बहादुर घर्ति | ना.कृ.प्राविधिक | ९८४५५९१६७४ | |

| सि न | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| ३२ | नारायण पन्थी | ना.प.स्वा.प्राविधिक | ९८५७०६७४०८ | |
| ३३ | उद्धव प्रसाद न्यौपाने | ना.प.स्वा.प्राविधिक | ९८५७०३५७६० | |
| ३४ | जयहिमाल कँडेल | ना.प.स्वा.प्राविधिक | ९८४७५०७५३६ | |
| ३५ | हरिप्रसाल कँडेल | ना.प.स्वा.प्राविधिक | ९८५७०३६१३१ | |
| ३६ | नमुना गौतम | ना.कृ.प्राविधिक | ९८४०५९८६१३ | |
| ३७ | सकुन्तला मल्ल शाही | ना.कृ.प्राविधिक | ९८६६४१२०६६ | |
| ३८ | मोहन सिं तङ्नामी | सहायक कर्मचारी | ९८४७३५७४३१ | |
| ३९ | भेषविक्रम खत्री | सहायक कर्मचारी | ९८५७०६७४३५ | |
| ४० | विनिता ज्ञवाली | फिल्ड सहायक | ९८४७४३२९५० | |
| ४१ | मित्रलाल ज्ञवाली | कार्यालय सहयोगी | ९८४७१०६५१२ | |
| ४२ | ओम बहादुर रजाली | कार्यालय सहयोगी | ९८४७४४२८१४ | |
| ४३ | गोविन्द थापा | हलुका सवारी चालक | ९८४४७७०९८६ | |
| ४४ | टोपलाल ज्ञवाली | कार्यालय सहयोगी | ९८४३८६०८६२ | |
| ४५ | चोलाकान्त पौडेल | कार्यालय सहयोगी | ९८४७३९२८३५ | |
| ४६ | गोमा खत्री | कार्यालय सहयोगी | ९८४०४७५७४५ | |
| ४७ | टीकाराम पराजुली | कार्यालय सहयोगी | ९७४७०४७४२८ | |
| ४८ | समुन्द्र प्रसाद श्रेष्ठ | कार्यालय सहयोगी | ९८४७४५३८७७ | |
| ४९ | नैना थापा | कार्यालय सहयोगी | ९७४७०६०६४६ | |
| ५० | अर्जुन वि.क. | कार्यालय सहयोगी | ९८६७९२८०१८ | |
| ५१ | शान्ता गिरी | कार्यालय सहयोगी | ९८४७३५८८५२ | |
| ५२ | दिनेश प्रसाद श्रेष्ठ | कार्यालय सहयोगी | ९८४७३५७६६८ | |

**प्रकाशकः-**

# गुल्मीदरवार गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, गौंडाकोट गुल्मी

## द्धारा प्रकाशित मासिक ई-बुलेटिन

***प्रकाशनः***

सल्लाहकार- अध्यक्ष श्री अशोक कुमार थापा

संरक्षक- प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण पाण्डे

संयोजन- सूचना प्रविधि अधिकृत- श्री सूरेश खनाल/अधिकृत छैंठौ श्री टंक प्रसाद पन्थी/क.अ.- श्री टुक बहादुर राना

ईमेल- ito.gulmidarbarruralmun@gmail.com, info@gulmidarbarmun.gov.np

वेवसाईट- www.gulmidarbarmun.gov.np

facebook.com/gulmidarbarrm

twitter.com/GulmidarbarRMun

९८५७०६७९१२/९८५७०७४००